मिति २०८१/१०/०३ गतेको कार्यपालिका बैठकमा समयको अभावले सबै निर्णायर्थहरु पेश हुन नसकाले आज मिति २०८१/१०/०४ गते विहान ८ बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थितीः**

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्रीयज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्रीनरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री अम्बिका प्रसाद चौलागाईं | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |
| ३२ | श्री वेद प्रसाद सापकोटा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |

धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा हुने छलफल र निर्णय भएका विषयहरुः

१. <u>बैठकको गणपुरक संख्या सम्बन्धमा।</u>

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा.२२.जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. <u>दर रेट सम्बन्धमा।</u>

धरान उपमहानगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ का लागि आवश्यक विभिन्न निर्माण समाग्री अन्य सामाग्री साथै वस्तुहरु समावेश भएको सम्बन्धित महाशाखाबाट तयार गरी नगर प्रमुखबाट विभिन्न मितिहरुमा निर्णय भएको नगर दररेट आजको बैठकबाट अनुमोदन गरियो। स्वीकृत दररेट प्रमाणित गरी पछाडी पानामा टाँस गरिने छ।

३. <u>मुहान उपयोग अनुमति सम्बन्धमा।</u>

यस उपमहानगरपालिकाबाट स्वीकृत भइ लागू भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ मा नगर क्षेत्रमा सञ्चालनमा रहेका उपभोक्ता समितिहरुले खानेपानीको मुहान उपभोग गर्न उपमहानगरपालिकाबाट अनुमति लिनुपर्ने व्यवस्था भए अनुरुप तपसिल बमोजिमका खानेपानी उपभोक्ता समितिहरुले मुहान उपभोगको अनुमतिका लागि निवेदन पेश गरेका र खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ को दफा १ अनुसार गठन भएको खानेपानी मुहान उपयोग सिफारिस समितिले उक्त क्षेत्रको स्थलगत अनुगमन गरी सिफारिस गरे बमोजिमका तपसिलका उपभोक्ता समितिहरुलाई तपसिलका मुहानहरु उपयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

<u>तपसिल :</u>

क. गंगटे खोल्सी खानेपानी उपभोक्ता समिति धरान १३ ले प्रयोग गर्ने धरान-२० को गंगटे खोल्सी मुहान।

ख. खरसाङ खानेपानी उपभोक्ता तथा सरसफाई समिति धरान ५ ले प्रयोग गरिरहेको धरान ५ को सनिबोटे खोला मुहान।

४. <u>पालिका गान सम्बन्धमा।</u>

यस धरान उपमहानगरपालिकाको शिक्षा,स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक आवासीय समृद्ध शहर भन्ने मुल नारा सहित ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक, श्रम संस्कृति लगायतका विशिष्टता र मौलिकता झल्कने पालिका गान तयारका लागि मिति २०८१/०६/१५ गते विभिन्न रचनाकार तथा सर्जकहरुबाट पालिका गानको शब्द रचना पेश गर्नका लागि ३० दिनको सूचना प्रकाशित गरिएकोमा निर्धारित समय भित्रमा १८ जना रचनाकार तथा सर्जकहरुबाट प्राप्त शब्द रचनाहरु मध्ये मिति २०८१/०५/१८ गतेको कार्यपालिका बैठकको निर्णयानुसार गठित पालिका गान शब्द रचना छनौट विज्ञ समितिको मिति २०८१/०७/२९ गतेको निर्णयानुसार सर्जक तथा रचनाकारहरुबाट प्राप्त पालिका गानको रचना मध्ये इटहरी उपमहानगरपालिका निवासी सर्जक/रचनाकार श्री टीका आत्रेयबाट पेश गरिएको सबै भन्दा उत्कृष्ट शब्द रचना पालिका गानको रुपमा छनौट भएको साथै तपसिल बमोजिमका सर्जकहरुको शब्द रचना उत्कृष्ट ५ मा छनौट भएकोले मिति २०८१/०८/०६ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार समितिको निर्णय बमोजिम छनौट भएको सर्वोकृष्ट पालिका गान धरान पालिका गानको रुपमा छनौट भएको आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो। साथै सर्वोकृष्ट रचना भएको पालिका गानका रचनाकारलाई सम्मान पुरस्कार स्वरुप रु. ३५,०००/- र उत्कृष्ट ५ रचनाकारहरुलाई जनही रु. ५०००/ दिने समेत निर्णय गरियो।साथै पालिका गान छनौट विज्ञ समितिलाई सम्मान स्वरुप जनहि रु ५०००/- दिने निर्णय गरियो।

<u>तपसिल</u>

१. श्री टीका आत्रेय, इटहरी, सर्वोकृष्ट रचना

उत्कृष्ट रचना भएका ५ जना

१। श्री अनिल पौडेल, मध्यपुर ठिमि

२। श्री लविन राई, धरान १९

३। श्री संजय राई, धरान ११

४। श्री राजकुमार श्रेष्ठ, चाँगुनारायण

५। [illegible]

५. **<u>आयको प्रक्षेपण सम्बन्धमा।</u>**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ बमोजिम आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान पौष मसान्तभित्र मन्त्रालय सक्षम पेश गरी सक्नु पर्ने कानूनी व्यवस्था भए बमोजिम यस उपमहानगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८१/०९/२८ मा बसेको बैठकको निर्णयले गरेको सिफारिसको आधारमा तयार गरिएको चालु आर्थिक वर्षको संशोधित अनुमानित आय-व्यय रु. १,५४,६७,६४,२८०/- र आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि आय-व्यय रु. १,७०,१४,४१,०००/- र आर्थिक वर्ष २०८३/०८४ को लागि आय-व्यय रु. १,८७,१५,८६,०००/- प्रक्षेपण गरी पठाईएको अनुमानित रकमलाई अनुमोदन गर्ने निर्णय गरियो।

६. **<u>राजश्व छुट सम्बन्धमा।</u>**

धरान-८ तिनकुनेमा निर्माण भएको प्रदेश वन निर्देशनालयको भवनको नक्शा पास प्रयोजनको लागि लाग्ने राजश्व छुट पाउँ भनि माग गरेको विषयमा यस उपमहानगरपालिकाको राजस्व परामर्श समितिको सिफारिस समेतको आधारमा मुनाफाको उद्देश्य नराखि स्थापना भएका संस्था वा निकायले सेवामूलक कार्यमा प्रयोग गर्ने उद्देश्यले निर्माण गरिने भवन वा संरचनामा लाग्ने नक्सा पास दस्तुर दिईने सुविधा बमोजिम नक्सा पास दस्तुरमा मात्र ४० प्रतिशत छुट दिने निर्णय गरियो।

७. **<u>धार्मिक सर्किट (मार्ग) निर्धारण विकास समिति सम्बन्धमा।</u>**

धरान क्षेत्र लगायत धरानका छिमेकी नगरपालिकाहरुसँग धार्मीक सांस्कृतिक सम्बन्ध कायम राख्दै पर्यटन प्रबर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यका साथ धरान-१४ स्थित विजयपुर धरान-४ स्थित पत्रङबारी, शिवजट्टा धरान-५ स्थित तल्लो निशान डाँडा मन्दिर धरान-२० स्थित चिण्डो डाँडा, विष्णुपादुका हुँदै बराहक्षेत्र, रामधुनी लगायतका यस उपमहानगरपालिका तथा छिमेकी नगरपालिकाका धार्मिक क्षेत्र समेटिने गरी धार्मिक रुट निर्धारण, विकास, प्रयोग तथा अध्ययन सम्बन्धमा धरान उपमहानगरपालिकाका १४ नं वडाका वडाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमका वडाध्यक्ष तथा कार्यपालिका सदस्य रहने गरी एक समिति गठन गरी सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो। साथै उक्त विषयमा आर्थिक विकास महाशाखाबाट सचिवालयको कार्य गर्ने समेत निर्णय गरियो।

**<u>तपसिल</u>**

i. श्री कृष्ण प्रसाद भट्टराई, वडाध्यक्ष, वडा नं १४, संयोजक
ii. श्री धनबहादुर राई, वडाध्यक्ष, वडा नं ४, सदस्य
iii. श्री मनप्रसाद लिम्बु, वडाध्यक्ष, वडा नं ५, सदस्य
iv. श्री भुपेन्द्र भट्टराई, वडाध्यक्ष, वडा नं ६, सदस्य
v. श्री नेत्र प्रसाद काफ्ले, वडाध्यक्ष. वडा नं १३, सदस्य
vi. श्री पदमबहादुर लिम्बु, वडाध्यक्ष, वडा नं २०, सदस्य
vii. श्री रविन गुरुङ, कार्यपालिका सदस्य, धउमनाप, सदस्य

८. **<u>नारी शिल्पकला केन्द्रको जग्गा नगरपालिकाको नाममा नामसारी गर्ने सम्बन्धमा।</u>**

धरान उपमहानगरपालिका वडा नं. १२ चतरा लाईन स्थित साविक धरान ९ ख को कि.नं. ७९ क्षेत्रफल ०-२-१२ जग्गा नारी शिल्पकलाको नाममा कायम रहेको उक्त जग्गा तत्कालिन धरान उपमहानगरपालिकाले विभिन्न मितिमा जग्गाको स्वामित्व नगरपालिकामा कायम गरिदिने व्यवस्थाका लागि स्थानीय विकास मन्त्रालयलाई अनुरोध गरी पत्रचार गरिएकोमा पछिल्लो पटक तत्कालिन स्थानीय विकास मन्त्रालय नगरपालिका व्यवस्था शाखाको च.नं. १४६ मिति २०५८/०६/०५ को पत्रबाट उक्त केन्द्रले चर्चेको जग्गा तथा भवनको रेखदेख एवं मर्मत संभार र प्रबन्ध गर्ने जिम्मेवारी तत्कालिन धरान नगरपालिकालाई प्राप्त भएको र सोहि अनुसार हालसम्म पनि नगरपालिकाले रेखदेख एवं संरक्षण गरी आएको र उक्त जग्गामा धरान उपमहानगरपालिकाको आफ्नै लगानीमा भवन निर्माण गरी वडा कार्यालय सञ्चालन भइरहेको हुँदा हाल नारी शिल्पकला संस्था नभएकोले उक्त संस्थाको नाममा जग्गा राखि रहन कानूनत उचित नहुने भएको कारण उक्त जग्गा धरान उपमहानगरपालिकाको नाममा दर्ता नामसारीको लागि सम्बन्धित निकायमा पत्रचार गर्ने निर्णय गरियो।

९. **<u>बाटोको मापदण्ड कायम तथा नामाकरण र नाम परिवर्तन सम्बन्धमा।</u>**

क. **बाटोको मापदण्ड तथा नामाकरण**

धरान उपमहानगरपालिका क्षेत्र भित्र रहेका विभिन्न बाटोहरुको नामाकरण तथा मापदण्ड निर्धारण विषयमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत अनुगमनको आधारमा शाखा महाशाखाबाट सम्पूर्ण प्रक्रिया पूरा गरी पेश गरिएको बाटोको मापदण्ड, नामकरण स्वीकृत गर्ने निर्णय गरियो।

| क्रस | प्रस्ताविक बाटोको नाम, ठेगाना | प्रस्ताविक बाटोको मापदण्ड | देखि | सम्म | कैफियत |
|---|---|---|---|---|---|
| १ | मकालु मार्ग लुप, धरान-१५ | २० फिट | मकालु मार्ग | पश्चिम गई कि.नं. १०६१५ | कि.नं. १०६१५ ने.स. मा चढेको । मकालु मार्गको निरन्तर |
| २ | सोलु पथ, धरान-११ | २० फिट | न्यू भगवती मार्ग | दक्षिण पुर्व सम्म | कि.नं. ९६८५ मिति २०८१/०९/०४ मा ने.स. मा चढेको। |

ख. **बाटोको नाम परिवर्तन गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. ८ स्थित सिद्धार्थ मार्ग सडकसँग जोडिएको सिद्धार्थ मार्ग लुप सडकहरु धेरै भएकोले सिद्धार्थ पुस्तकालय देखि पश्चिम तर्फको उक्त बाटोको नाम पुस्तकालय मार्ग नामाकरणका लागि स्थानीयवासी काली बहादुर चौहानले वडा कार्यालयमा दिएको निवेदन बमोजिम वडा कार्यालयबाट वडा स्थानीय स्तरमा गरिएको सर्जमिन मुचुल्का तथा वडा कार्यालयका अमिनले पेश गर्नुभएको प्राविधिक स्थलगत निरीक्षण प्रतिवेदन बमोजिम उक्त मार्गका उपभोक्ताहरुको सहमतिमा सिद्धार्थ मार्ग नामाकरण भएको उक्त सडकलाई पुस्तकालय मार्ग नामाकरण गर्ने सहमति रहेको भनि वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त बाटोको नामाकरण सिद्धार्थ मार्गबाट पुस्तकालय मार्ग कायम गर्ने निर्णय गरियो।

१०. **<u>जग्गा उपलब्ध सम्बन्धमा।</u>**

अनलाईन मिडिया एसोसिएसन नेपाल, धरान सुनसरीबाट धरान उपमहानगरपालिका वडा नं. ४ स्थित हाल निर्माणाधीन ढुंगे कला पार्कको पछाँडिपट्टि रहेको जग्गामा मिडिया एसोसियनको कार्यालय बनाउँनका लागि जग्गा माग गर्नु भएको हुँदा एसोसिएसनलाई उक्त स्थानको विवादित नभएको जग्गा वडा कार्यालयबाट सिफारिस भई आएमा जग्गाको क्षेत्रफल नगरपालिकाबाट निर्धारण गरी जग्गा उपलब्ध गराउँने निर्णय गरियो।

११. **<u>सरुवा सहमति अनुमोदन सम्बन्धमा।</u>**

क. श्री लोकसेवा आयोगको कार्यालयको मिति २०७६।०७।२७ गतेको सिफारिस पत्र बमोजिम यस कार्यालयमा सेवा प्रशासन, समुह सा.प्र. अधिकृत छैटौं तहमा नियुक्ति हुनु भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको मिति २०७७/११/१८ गतेको पत्र मार्फत नरहरिनाथ गाउँपालिकामा कामकाज गर्न खटाइकोमा पुनः मन्त्रालयको च.नं. ६६३ मिति २०७९/०५/२१ गतेको पत्र मार्फत नरहरिनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट तिलागुफा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा काजमा कामकाज गर्न खटिजानु भएको अधिकृत सातौं तहका श्री कविराज न्यौपानेलाई यस कार्यालयको मिति २०८१/०९/२६ गतेको (नगर प्रमुख स्तरीय) निर्णयानुसार तिलागुफा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सरुवाका लागि दिइएको सरुवा सहमति आजको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

ख. श्री लोकसेवा आयोगको कार्यालयको मिति २०७६।०७।२७ गतेको सिफारिस पत्र बमोजिम यस कार्यालयमा सेवा प्रशासन, समुह सा.प्र. अधिकृत छैटौं तहमा नियुक्ति हुनु भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. १८५८ मिति २०७८/०९/१९ गतेको पत्र मार्फत श्री शिवालय गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोटमा कामकाज गर्न खटिजानु भएको अधिकृत सातौं तहका श्री प्रमोद न्यौपाने (क.स.नं.२३५७१९) लाई यस कार्यालयको मिति २०८१/०९/२६ गतेको (नगर प्रमुख स्तरीय) निर्णयानुसार श्री शिवालय गाउँपालिका, गाउँ कार्यपालिको कार्यालय, जाजरकोटमा सरुवाका लागि दिइएको सरुवा सहमति आजको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

१२. <u>विदा अनुमोदन सम्बन्धमा।</u>

धरान स्थापना भएको १२४ औं वर्षको अवसरमा मिति २०८१/०९/२० गते देखि मिति २०८१/०९/२४ गते धरान रंगशालाको तल्लो खाली मैदानमा विविध कार्यक्रमको आयोजना गरी मनाइएको धरान स्थापना दिवसको मिति २०८१/९/२४ गते भएको धन्यावद ज्ञापन कार्यक्रमका दिन मिति २०८१/०९/१९ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार धरान क्षेत्र भित्र सार्वजनिक विदा दिइएकोले आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

१३. <u>विविध</u>

क. <u>विविध खातामा रकम राखि खर्च गर्ने सम्बन्धमा।</u>

खानेपानी व्यवस्थापन बोर्ड बाट रु. २५ लाख लिई विविध खातामा राखी आवश्यक्ता अनुसार जनताका माग अनुसारको कार्यमा खर्च गर्ने निर्णय गरियो।

ख. <u>तहबृद्धि सम्बन्धमा।</u>

यस धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ बमोजिम कर्मचारीहरुको तहबृद्धिका लागि मिति २०८१/०९/२७ गतेको तहबृद्धि सिफारिस समितिले पेश गरेको कर्मचारीहरुको तहबृद्धि गर्ने निर्णय गरियो। तहबृद्धि भएका कर्मचारीको नामावली प्रमाणीत गरी पछाँडी पानामा टाँस गरिएको छ।

ग. <u>क्रसर उद्योग संचालन सम्बन्धमा।</u>

धरान उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न चोकहरुमा भत्किएका बाटो घाटो बनाउँन तथा खाल्टा खुल्टीहरु पुर्नका लागि धरान १७ स्थित रहेको क्रसर उद्योगबाट आवश्यकता अनुसारको मिक्सगिट्टी पेलर ,उद्योगबाट उत्पादन भएको विभिन्न साईजका गिटी तथा बालुवाहरु क्रसर उद्योग र नगरपालिकाले आधा-आधा लिने गरी क्रसर उद्योग संचालन गर्ने भनि आएको प्रस्तावमा छलफल गर्दा क्रसर संचालक र धरान उपमहानगरपालिका बीच संचालनको सहमति (लिखत) को खाका आगामी कार्यपालिका बैठकमा पेश गरी टुङ्गो लगाउने निर्णय गरियो।

घ. <u>आर्थिक सहयोग सम्बन्धमा।</u>

यस नगर क्षेत्रका बसोबास गर्ने नागरिकहरू गम्भिर रूपमा विरामी भै उपचारको लागि सहयोग माग भै पर्न आएका निवेदन साथै सम्बन्धित वडावाट भएको सिफारिसका आधारमा तपशिल अनुसार उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो।

- नगेन्द्र बराईली, धरान-१५, जन्मजात खुट्टामा कृत्रिम स्टिल लगाएकोले औषधी उपचारका लागि रु. २००००/-
- राम लाल तामाङ, धरान-२०, मृगौला सम्बन्धी रोग लागि विरामी भएकोले औषधी उपचारका लागि रु. २००००/-
- सुरेन बर्देवा, धरान-१०, मुखको क्यान्सर रोग, उपचार खर्च रकम रु. २००००/-
- धरान-१३, सरोज परियार, धरान-१३ पेट सम्बन्धी विरामी, उपचार खर्च स्वरुप रु. रु. २००००/-
- वर्षा काफ्ले, धरान- ६, विष सेवन गरी विरामी परेको कारण उपचार खर्च स्वरुप रु. २००००/-
- सविन कुमारी राई, धरान-१७, विरामी हुनु भएकोले औषधी उपचार खर्च स्वरुप रु. २००००/-
- रुद्र प्रसाद राई, पहिरो गाई घर क्षत विक्षत भएकोले आर्थिक सहयोग स्वरुप रु. २००००/-
- अनुशा लिम्बु, धरान-१७, बाढीको कारण हुलकी मार्गको ड्रेनमा परी बगेर घाइते भएकोले निजलाई उपचार खर्च स्वरुप मेयरकोषबाट रु. २५ हजार दिन मिति २०८१/०६/२१ गते निर्णय भएकोले आजको बैठकबाट अनुमोदन गर्ने।

| क्र. सं. | सामाग्रीको नाम र विवरण | | इकाई | सुनसरी उद्योग वाणिज्य संघबाट प्राप्त दररेट (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | Leg Press | i) Weight- 65Kg<br>ii) Size-163x161x70 cm<br>iii) Stander Class heavy grade G.I. pipe | सेट | ७०,०००।०० | |
| २. | Double Strolling Machine (Air Walker) | i) Weight -68 Kg<br>ii) Size 85x62x121cm<br>iii) Stander Class heavy grade G.I. pipe | सेट | ८५,०००।०० | |
| ३. | Abdominal Muscle Board | i) Weight- 65kg<br>ii) Size 163x161x70 cm<br>iii) Stander Class heavy grade G.I. pipe | सेट | ६५,०००।०० | |
| ४. | Arm Strength Tuaniner (Shoulder) | i) Weight- 45kg<br>ii) Size 110x101x150 cm<br>iii) Stander Class heavy grade G.I. pipe | सेट | ६०,०००।०० | |
| ५. | Single rowing Machine | i) Weight- 55kg<br>ii) Size 124x79x82 cm<br>iii) Stander Class heavy grade G.I. pipe | सेट | ६०,०००।०० | |
| ६. | Habing, Knee, Hip, Rist, Cum Paraller Bar | i) Material-Galvanized iron<br>ii) Usage-Outdoor<br>iii) Automation Grade-Manual | सेट | ६०,०००।०० | |
| ७. | Twister Tripple | i) Weight- 38kg<br>ii) Size 137x137x131 cm<br>iii) Stander Class heavy grade G.I. pipe | सेट | ६५,०००।०० | |

माथि उल्लेखित दररेटमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

| क्र. सं. | सामाग्रीको विवरण | इकाई | सुनसरी उद्योग वाणिज्य संघबाट प्राप्त दररेट (रू.) | कैफियत |
|---|---|---|---|---|
| १. | HT Wire (आर्मी काँडेतार) | प्रति रोल (२० फिट) | २,६००।०० | |

माथि उल्लेखित दररेटमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

# PRICE LIST

**(As of NS Standard based on PE100)**

**Fiscal Year : 2081/082**

| SDR | SDR 41 | SDR 33 | SDR 26 | SDR 21 | SDR 17 | SDR 13.6 | SDR 11 | SDR 9 | SDR 7.4 |
|---|---|---|---|---|---|---|---|---|---|
| AV/OD | PN-3 | PN-4 | PN-5 | PN-6 | PN-8 | PN-10 | PN-12.5 | PN-16 | PN-20 |
| OD | Price | Price | Price | Price | Price | Price | Price | Price | Price |
| 16.15 | | | | | | | | 24.07 | 28.13 |
| 20.15 | | | | | | | 32.19 | 37.70 | 43.50 |
| 25.15 | | | | | | 41.18 | 48.43 | 57.71 | 67.57 |
| 32.15 | | | | | 53.65 | 65.54 | 78.30 | 94.83 | 111.36 |
| 40.20 | | | | 68.15 | 83.52 | 102.95 | 124.70 | 147.90 | 171.10 |
| 50.20 | | | 89.90 | 105.85 | 130.79 | 158.92 | 193.14 | 229.10 | 269.41 |
| 63.20 | | | 142.10 | 167.04 | 203.58 | 253.17 | 305.37 | 359.31 | 413.83 |
| 75.25 | 130.50 | 155.15 | 194.59 | 239.25 | 294.06 | 358.73 | 431.52 | 511.27 | 603.20 |
| 90.30 | 179.80 | 227.94 | 282.46 | 339.30 | 412.67 | 513.88 | 614.51 | 731.96 | 865.94 |
| 110.35 | 271.15 | 334.37 | 418.76 | 514.75 | 620.89 | 757.19 | 916.11 | 1097.36 | 1292.82 |
| 125.40 | 350.61 | 427.46 | 533.89 | 657.72 | 798.08 | 1034.43 | 1188.42 | 1411.43 | 1666.34 |
| 140.45 | 446.02 | 537.95 | 668.16 | 823.60 | 1002.53 | 1223.22 | 1490.89 | 1774.51 | 2095.83 |
| 160.50 | 564.63 | 702.67 | 877.25 | 1080.25 | 1315.44 | 1603.70 | 1944.16 | 2312.17 | 2736.44 |
| 180.55 | 711.66 | 889.14 | 1114.76 | 1357.49 | 1650.10 | 2028.55 | 2450.79 | 2920.88 | 3456.80 |
| 200.60 | 883.92 | 1089.53 | 1364.45 | 1681.71 | 2037.83 | 2496.03 | 3022.96 | 3614.27 | 4267.35 |
| 225.70 | 1118.82 | 1387.07 | 1732.75 | 2125.41 | 2578.39 | 3169.99 | 3835.54 | 4562.57 | 5406.76 |
| 250.75 | 1370.83 | 1699.69 | 2144.55 | 2620.44 | 3172.31 | 3895.57 | 4734.54 | 5636.73 | 6655.79 |
| 280.85 | 1737.51 | 2128.60 | 2672.35 | 3272.36 | 3988.08 | 4892.59 | 5933.40 | 7078.32 | 8355.48 |
| 315.75 | 2182.54 | 2700.48 | 3388.65 | 4125.83 | 5053.25 | 6188.89 | 7507.81 | 8937.22 | 10568.47 |
| 356.10 | 2776.46 | 3418.81 | 4295.19 | 5238.85 | 6394.79 | 7848.56 | 9515.19 | 11370.61 | 13415.40 |
| 401.20 | 3519.44 | 4341.59 | 5426.19 | 6664.20 | 8136.53 | 9998.91 | 12078.21 | 14429.82 | 17031.12 |
| 451.35 | 4437.87 | 5492.60 | 6858.50 | 8447.70 | 10278.47 | 12611.81 | 15276.33 | 18232.59 | 21567.59 |
| 501.50 | 5462.73 | 6758.16 | 8498.45 | 10422.89 | 12708.38 | 15581.99 | 18885.09 | 22529.81 | 26607.50 |
| 561.70 | 6879.67 | 8468.58 | 10667.07 | 13044.78 | 15909.69 | 19528.60 | 23654.14 | 28257.31 | 33368.85 |
| 631.90 | 8097.67 | 10698.68 | 13478.33 | 16478.67 | 20117.30 | 24732.94 | 29942.21 | 35728.00 | 42233.86 |

| धरान उप-महानगरपालिकाको सामाग्री सम्वन्धि दररेट | | | | | | |
|---|---|---|---|---|---|---|
| आ.व. ०८१/८२ | | | | | | |
| क्र.सं. | सामाग्रीको विवरण | इकाई | आ.व. ०७९।८० को दररेट | आ.व. ०८०।८१ को दररेट | आ.व. ०८१।८२ को दररेट | कैफियत |
| 1 | गमला - Carved Ring type pots- 18" dia and 36" height | Set | | | 1,371.68 | |
| 2 | गमला- Cone type pots- 18" dia and 36" height | Set | | | 752.21 | |
| 3 | Musunda flower | Nos. | | | 137.17 | |
| 4 | Madhu kamini | Nos. | | | 172.57 | |
| 5 | Gardenia Flower | Nos. | | | 150.44 | |
| 6 | Tikoma Flower | Nos. | | | 150.44 | |
| 7 | Ranjan flower | Nos. | | | 146.02 | |
| 8 | Christmas tree | Nos. | | | 230.09 | |
| 9 | Ashoka tree | Nos. | | | 115.04 | |
| 10 | Foxtail palm | Nos. | | | 163.72 | |
| 11 | Green pine | Nos. | | | 150.44 | |
| 12 | China palm | Nos. | | | 163.72 | |
| 13 | Arica palm | Nos. | | | 243.36 | |
| 14 | Phoenix palm | Nos. | | | 221.24 | |
| 15 | Dieffenbachia plant | Nos. | | | 115.04 | |
| 16 | Neem tree | Nos. | | | 115.04 | |
| 17 | Arica palm | Nos. | | | 243.36 | |
| 18 | Saiding plant | Nos. | | | 115.04 | |
| 19 | Ficus Plant | Nos. | | | 199.12 | |
| 20 | ACP Letter-3mm thick including decorative lettering, lighting and fittings | Sq.inch | | | 10.00 | |
| 21 | Waiting Chair 304 grade 3 seaters- Weight No less than 29 KG per Set | Nos | | | 31,400.00 | |
| 22 | Waiting Chair 202 grade 3 seaters | Nos | | | 28,700.00 | |
| 23 | SS Waiting chair cusion Type 3 seaters | Nos | | | 44,575.00 | |
| | Disel Generator, Three Phase with ATS Panel: Generator Sets confirming to BS 5000/IS 4722, complies with current CPCB IV+ emission norms, critical grade silencers, coupled and aligned with contineuos rated KVA of DG industrial type brushless AC alternator on a common base frame in factory fabricated acoustic enclosure with all standard acessories such as 3mm thick MS painted day oil tank and valves, fully charged lead-acid battries with ange iron stand battry leads, engine protection unit, sensor for winding and bearing temp., monitoring , antivibration mounting complte in all respects as per manufactures drawing specification and instructions | | | | | |
| 24 | 100 KVA | Set | | | 1,592,920.35 | |
| 25 | 125 KVA | Set | | | 1,738,938.05 | |
| 26 | 160 KVA | Set | | | 2,123,893.81 | |

| क्र.सं | नाम,थर | हालको पद, तह | हालको तहमा प्रवेश मिति | अब वृद्धि हुने तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुशिला अधिकारी प्रसाई | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०७-२८ | अधिकृत, प्रशासन, आठौं तह | |
| २ | वेद प्रसाद सापकोटा | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०७-२८ | अधिकृत, प्रशासन, आठौं तह | |
| ३ | जनार्दन कोइराल | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०७-२८ | अधिकृत, प्रशासन, आठौं तह | |
| ४ | हिमाल गौतम | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०७-२८ | अधिकृत, प्रशासन, आठौं तह | |
| ५ | मदन दाहाल | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०७-२८ | अधिकृत, प्रशासन, आठौं तह | |
| ६ | टिकाराम निरौला | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०७-२८ | अधिकृत, प्रशासन, आठौं तह | |
| ७ | धर्मराज पौडेल | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०८-२५ | अधिकृत, प्रशासन, आठौं तह | |
| ८ | भानुभक्त चौहान | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०७-२८ | अधिकृत, प्रशासन, आठौं तह | |
| ९ | भेषराज घिमिरे | अधिकृत, प्रशासन, सातौ तह | २०७६-०१-१७ | अधिकृत, प्रशासन, आठौं तह | |
| १० | किरण भुजेल | अधिकृत, प्रशासन, सातौ तह | २०७५-०९-०३ | अधिकृत, प्रशासन, आठौं तह | |
| ११ | शिशिर श्रेष्ठ | अधिकृत, प्रशासन, सातौ तह | २०७५-०९-०३ | अधिकृत, प्रशासन, आठौं तह | |
| १२ | इच्छा मगर | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-२१ | ईन्जिनियर, अधिकृत आठौ | |
| १३ | विनय श्रेष्ठ | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-१४ | ईन्जिनियर, अधिकृत आठौ | |
| १४ | सफल भट्टराई | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-१४ | ईन्जिनियर, अधिकृत आठौ | |
| १५ | युवराज रसाइली | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-२१ | ईन्जिनियर, अधिकृत आठौ | |
| १६ | डिफोर्स कुमार मेहता | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-१३ | ईन्जिनियर, अधिकृत आठौ | |
| १७ | विवेक रौनियार | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-१३ | ईन्जिनियर, अधिकृत आठौ | |
| १८ | प्रकाश शर्मा | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-१३ | ईन्जिनियर, अधिकृत आठौ | |
| १९ | ऋचा निरौला | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-१४ | ईन्जिनियर, अधिकृत आठौ | |
| २० | रोशन गिरी | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-१४ | ईन्जिनियर, अधिकृत आठौ | |
| २१ | भागनारायण चौधरी | ईन्जिनियर, अधिकृत सातौ | २०७६-०९-१४ | ईन्जिनियर, अधिकृत आठौ | |
| २२ | राजु पोखरेल | ईन्जिनियर, अधिकृत सातौ | २०७५-०९-०३ | ईन्जिनियर, अधिकृत आठौ | |
| २३ | लब कुमार पोखरेल | प्रशासन सहायक, पाचौं | २०७६-०९-०३ | अधिकृत, प्रशासन, छैटौ तह | |
| २४ | बाबुराम दाहाल | प्रशासन सहायक, पाचौं | २०७६-०८-२३ | अधिकृत, प्रशासन, छैटौ तह | |
| २५ | विनोद गुरागाई | प्रशासन सहायक, पाचौं | २०७६-०९-०२ | अधिकृत, प्रशासन, छैटौ तह | |
| २६ | संजय तामाङ् | प्रशासन सहायक, पाचौं | २०७६-०९-०३ | अधिकृत, प्रशासन, छैटौ तह | |
| २७ | भुपाल निरौला | प्रशासन सहायक, पाचौं | २०७६-०९-०२ | अधिकृत, प्रशासन, छैटौ तह | |
| २८ | भगवती पोखरेल | प्रशासन सहायक, पाचौं | २०७६-०९-०३ | अधिकृत, प्रशासन, छैटौ तह | |
| २९ | नवराज चापागाई | लेखापाल, पाचौ | २०७६-०९-०३ | लेखा अधिकृत छैटौ | |
| ३० | राजिव राई | लेखापाल, पाचौ | २०७६-०९-०३ | लेखा अधिकृत छैटौ | |
| ३१ | कल्पना वस्नेत | लेखापाल, पाचौ | २०७६-०९-०२ | लेखा अधिकृत छैटौ | |
| ३२ | ओम प्रकाश दास | लेखापाल, पाचौ | २०७६-०९-०३ | लेखा अधिकृत छैटौ | |
| ३३ | विना भुजेल | लेखापाल, पाचौ | २०७६-०९-०८ | लेखा अधिकृत छैटौ | |
| ३४ | संगिता राई | सि.अ.न.मी., पाचौं | २०७६-०९-०३ | सि.अ.न.मी. छैटौ | |
| ३५ | सरिता राई | सि.अ.न.मी., पाचौं | २०७६-०४-०१ | सि.अ.न.मी. छैटौ | |
| ३६ | कृष्ण राई | सि.अ.न.मी., पाचौं | २०७६-०८-०९ | सि.अ.न.मी. छैटौ | |
| ३७ | समिता राई | सि.अ.न.मी., पाचौं | २०७६-०८-०८ | सि.अ.न.मी. छैटौ | |